फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

## कार्यक्रममा सहभागिताका लागी प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नं. १३/०८१/८२
सूचना प्रकाशित मिति: २०८१/०९/१७

कृषि विकास कार्यालय, काभ्रे आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारका कार्यक्रममा सहभागि हुन यस कार्यालयको **कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक आवेदकहरु (कृषक समूह, उत्पादनमुलक सहकारी, कृषि फर्म)** ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/१०/०८) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका सहयोगि कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न भौगोलिक रुपमा टाढा रहेका इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/ को **आयोजना/कार्यक्रम माग आवेदन फारम** भित्र गइ [आयोजना / कार्यक्रम माग आवेदन फारम] **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आफुले आवेदन दिन चाहेको कार्यक्रममा **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्र. स. | कार्यक्रमको नाम | इकाइ/ परिमाण | कुल बजेट रु. लाखमा | योग्य आवेदक | संचालन गर्न सकिने क्रियाकलाप | स्विकृत कार्यविधि |
|---|---|---|---|---|---|---|
| १. | कृषि उद्यमशिलता विकास कार्यक्रम | संख्या १७ | ३४ | निजी कृषि फर्म /कम्पनी र कृषक/कृषि उद्यमी | स्विकृत कार्यविधिको दफा ७ मा उल्लेखित कृषि सम्वन्धि क्रियाकलापहरु | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि -२०८१ |
| २. | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या ३० | ३० | आर्थिक हिसावले विपन्न एंव अल्प संख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातिहरु एवं उनिहरुबाट गठित कृषक समुह,कृषि सहकारी तथा कृषि फर्म | स्विकृत कार्यविधिको अनुसुचि १ मा उल्लेखित कृषि सम्वन्धि व्यवसाय | खाद्य प्रणाली रुपान्तरणका लागि माँगमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८० |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

| क्र. स. | कार्यक्रमको नाम | इकाइ/ परिमाण | कुल बजेट रु. लाखमा | योग्य आवेदक | संचालन गर्न सकिने क्रियाकलाप | स्विकृत कार्यविधि |
|---|---|---|---|---|---|---|
| ३. | कृषि यान्त्रीकरण तथा प्रविधि प्रवर्दन कार्यक्रम | पटक १ | ३० | कृषक समुह, कृषि सहकारी, नीजी कृषि फर्म, कृषि उद्यमी | स्विकृत कार्यविधिको अनुसुचि ४ मा उल्लेखित कृषि जन्य यन्त्र उपकरणहरु | कृषि यान्त्रीकरण तथा प्रविधि प्रवर्दन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ |

**संलग्न कागजाहरु**

१. रु. १०/- को टिकट टाँस गरी स्विकृत कार्यविधि को अनुसूची बमोजिम उल्लेखित निर्धारित फर्मेट अनुसारको प्रस्ताव पत्र/आवेदन,
२. क्षेत्रफल खुल्ने कागजातहरु साथै जग्गा लिजमा लिएको भए कम्तिमा ५ वर्षका लागि जमिन भाडामा लिएको प्रमाण एवं निरन्तर कृषि कार्य गर्ने प्रतिवद्दता/स्वघोषणा पत्र
३. प्रस्तावक संस्थाको संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा प्रस्ताव पेश सम्वन्धि वैठक निर्णयको प्रतिलिपि
४. संस्थाको हकमा आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन तथा प्रवन्धपत्र वा विनियममा संस्थाको उद्देश्य देखिने कागजातहरु
५. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालन सम्वन्धि आवश्यक सिफारिस पत्र
६. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनका लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कार्यका लागि सहयोग लिए/नलिएको स्व-घोषणा
७. कार्यक्रम संचालन तथा संरचना निर्माणका लागि आवश्यक जग्गा न्युनतम मापदण्ड तोकिए बमोजिमको लालपुर्जाको प्रतिलिपि साथै जग्गा लिजमा लिएको भए सम्वन्धित वार्ड कार्यालय वा तोकिएको निकायबाट प्रमाणित करार सम्झौताको प्रति
८. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फोटो एक प्रति
९. कार्यालयबाट कार्यक्रम संचालन सम्वन्धमा माँग भएका अन्य आवश्यक कागजातहरु
१०. माँगमा आधारित कार्यक्रमको हकमा सम्वन्धित स्थानिय तहबाट स्विकृत कार्यविधिको दफा २ अनुसारको आवेदक हो भन्ने सिफारिश पत्र

**पुनश्च:**

- "उल्लेखित स्विकृत कार्यविधिहरु कृषि विकास कार्यालय, काभ्रेपलान्चोकको वेभसाइट https://www.kavre.ado.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखित सम्पुर्ण कागजातहरुको सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफिकेशनको क्रममा अनिवार्य देखाउनुपर्ने छ। अन्यथा आवेदन छनौटका लागि मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन साथै इमेल बाट प्राप्त आवेदनहरुलाइ मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- प्रस्ताव पेश सम्वन्धि अनुसुचि बमोजिमको फर्मेट कार्यालयको वेवसाइटhttps://www.kavre.ado.gov.np/ बाट डाउन लोड गर्न सकिने छ ।

CS CamScanner